# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, चैत ३० गते, २०७९ साल (सङ्ख्या ११

## भाग २

गण्डकी प्रदेश सरकार

<u>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना</u>

### गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९

गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इजाजतपत्र" भन्नाले नियम ४, २४, २६, ३६, ४३ र ५० बमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ।

(ख) "एजेन्सी" भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ सम्झनु पर्छ।

(घ) "जलयात्रा" भन्नाले कायक, क्याटाऱ्याफ्ट, डुङ्गा, नाउ, स्टिमर, क्रुज, मोटरबोट, वाटरवल वा अन्य यस्तै प्रकृतिका नदी, पोखरी वा तालमा सञ्चालन हुने जलयात्राका साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक तथा साँस्कृतिक दृश्यावलोकनका लागि गरिने यात्रा सम्झनु पर्छ।

(ङ) "जलयात्रा व्यवसायी" भन्नाले जलयात्रा व्यवसाय गर्नको लागि प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा फर्म सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको निर्देशनालय सम्झनु पर्छ।

(छ) "पर्यटक" भन्नाले आन्तरिक तथा बाह्य पर्यटक सम्झनु पर्छ।

(ज) "पर्यटन व्यवसाय" भन्नाले यस नियमावली बमोजिम दर्ता वा इजाजतपत्र प्राप्त पर्यटन व्यवसाय सम्झनु पर्छ।

(झ) "प्रमाणित प्रतिलिपि" भन्नाले प्रचलित कानून बमोजिम कागजात प्रमाणित गर्न अधिकार प्राप्त व्यक्तिबाट हस्ताक्षर गरिएको प्रमाणित कागजात सम्झनु पर्छ।

(ञ) "रिभर गाइड" भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्ने नियम ५० बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

परिच्छेद —२

## ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **इजाजतपत्रको लागि दरखास्त दिनु पर्नेः** (१) प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता भई प्रदेशभित्र ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्नका लागि ऐनको दफा ३ बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले एक सय रूपैयाँ दस्तुर तिरी देहाय बमोजिमको कागजात सहित कार्यालय समक्ष अनुसूची —१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) कम्पनीको रुपमा दर्ता भएका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको हकमा प्रवन्ध पत्र र नियमावलीको प्रमाणित प्रतिलिपि,

(ख) फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ग) कम्पनीको हकमा कम्तीमा पच्चीस लाख र फर्मको हकमा कम्तीमा दश लाख रुपैयाँ चालु वा चुक्ता पूँजी खुलेको प्रमाण पत्र र शेयर भए शेयर लागतको प्रमाणित प्रतिलिपि,

(घ) नेपाल राष्ट्र बैंकबाट “क” वा “ख” वर्गको मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट कार्यालयको नाममा पाँच वर्षको लागि जारी भएको पाँच लाख रूपैयाँ बराबरको बैंक ग्यारेन्टी खुल्ने सक्कलै कागज प्रमाण,

(ङ) कार्यालय आफ्नो भवनमा भए तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र भाडामा भए घरधनीसँगको सम्झौताको समेत प्रमाणित प्रतिलिपि,

(च) एकभन्दा बढी प्रोपाइटर/सञ्चालक भएको अवस्थामा ती मध्ये एकजनालाई प्रोपाइटर/सञ्चालकहरूको निर्णय अनुसार अख्तियारी दिएको भए सोको प्रतिलिपि,

(छ) स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ज) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयरधनी नेपाली नागरिक भए निजको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र विदेशी नागरिक भए निजको राहदानी, नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रमाणित प्रतिलिपि, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमति पत्र र प्रचलित कानून बमोजिमको अन्य कागज,

(झ) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयरधनीको दुई/दुई प्रति फोटोसहितको व्यक्तिगत विवरण,

(ञ) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा,

(ट) कम्पनी वा फर्म दर्ता गरेको एक आ.व. भुक्तान गरेको भए अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै ट्राभल वा ट्रेकिङ्ग एजेन्सी पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गर्दा प्रचलित कानून बमोजिम पब्लिक कम्पनीको लागि आवश्यक चुक्ता पूँजी कायम गर्नु पर्नेछ।

४. **इजाजतपत्र दिनु पर्ने:** नियम ३ बमोजिम इजाजतपत्रको लागि दरखास्त प्राप्त भएमा कार्यालयले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा पच्चीस हजार रुपैयाँ दस्तुर लिई अनुसूची —२ बमोजिमको ढाँचामा इजाजत पत्र दिनेछ।

५. **इजाजत पत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त:** इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले देहायका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) नेपाल सरकार वा प्रदेश सरकारले तोकिदिएको क्षेत्रमा मात्र ट्राभल वा ट्रेकिङ्ग गराउने,

(ख) ट्राभल वा ट्रेकिङ्ग गर्दा सम्बन्धित कामको लागि नियुक्त कामदारको मात्र सेवा लिनु पर्ने,

(ग) आफूले पाएको इजाजत सहितको अन्य प्रमाणपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नु पर्ने,

(घ) ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने कुराहरू पालना गर्ने,

(ङ) पर्यटकसँग जाने कामदारलाई करार गराएर मात्र काममा लगाउनु पर्ने,

(च) प्रवन्धपत्रमा जुनसुकै उद्देश्य समावेश भएतापनि ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले गर्न पाउने कार्यमात्र गर्ने,

(छ) प्रचलित कानून बमोजिम प्रदेश सरकारले दिएको आदेश निर्देशनको पालना गर्नु पर्ने,

(ज) शाखा वा इकाई कार्यालयले गरेको कारोबारको वासलात पेश गर्नुपर्ने,

(झ) नियम २३ बमोजिमको आचार संहिताको पालना गर्ने।

६. **<u>इजाजतपत्रको अवधि र नवीकरणः</u>** (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रको नवीकरणका लागि अवधि समाप्त हुन अगावै देहाय बमोजिमका कागजात र एक सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची — ३ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्नेछः-

तर म्याद सकिन तीन महिना अघि नवीकरण गरिने छैन।

(क) इजाजतपत्र नवीकरण हुनुपर्ने मिति देखि पाँच वर्ष अवधिको लागि नेपाल राष्ट्र बैंकबाट “क” वा “ख” वर्गको मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट कार्यालयको नाममा जारी भएको पाँच लाख रुपैयाँ बराबरको बैंक ग्यारेण्टीको निरन्तरता कायम भएको पत्र,

(ख) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(ग) नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोबार गर्न अनुमति लिएको भए सो अनुमति पत्रको प्रतिलिपि,

(घ) वार्षिक प्रतिवेदन बुझाएको प्रमाण,

(ङ) कम्पनी वा फर्म अद्यावधिक भएको पत्रको प्रतिलिपि।

(३) उपनियम (२) बमोजिमको दरखास्त प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा पच्चीस हजार रुपैयाँ नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गर्नेछ।

(४) उपनियम (३) बमोजिम म्याद समाप्त भएपछि इजाजतपत्र नवीकरण गर्न नवीकरण दस्तुरका अतिरिक्त देहाय बमोजिम थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछः-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ग) खण्ड (ख) बमोजिमको म्याद समाप्त भएको मिति देखि नवीकरण दस्तुरको पचास प्रतिशत र प्रत्येक वर्षको लागि पाँच हजार रुपैयाँ थप जरिबाना।

(५) इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शाखा सञ्चालनको लागि इजाजत लिएको भए शाखा कार्यालयको इजाजतपत्रको नवीकरण गर्दा इजाजत शुल्कको पच्चीस प्रतिशत रकम लिइ नवीकरण गर्नु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त गरी यो नियम प्रारम्भ हुँदाका बखतसम्म इजाजतपत्र नवीकरण नगराएको इजाजतपत्र प्राप्त व्यक्तिले त्यस्तो इजाजतपत्र नवीकरण गराउन चाहेमा यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र अनुसूची — ३ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले नवीकरण दस्तुरको अतिरिक्त नवीकरण दस्तुरको शत प्रतिशत थप दस्तुर र जति बर्षसम्म इजाजत नवीकरण नगराएको हो त्यति वर्षको लागि प्रत्येक वर्षको पाँच हजार रुपैयाँका दरले जरिबाना लिई एक पटकको लागि नवीकरण गरी दिनेछ।

(८) उपनियम (६) बमोजिम नवीकरणका लागि दरखास्त दिंदा नेपाल राष्ट्र बैंकबाट "क" वा "ख" वर्गको मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाबाट आगामी पाँच वर्षको लागि कार्यालयको नाममा जारी भएको पाँच लाख रुपैयाँ बराबरको बैंक ग्यारेण्टी पत्र र पछिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ।

७. **प्रतिलिपि लिन सकिने:** (१) इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि लिनको लागि पाँच सय रूपैयाँको दस्तुरसहित कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गरी कार्यालयले इजाजतपत्रको प्रतिलिपि दिनेछ।

८. **ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण गर्न सक्नेछ।

९. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनु पर्ने:** (१) इजाजतपत्र प्राप्त एजेन्सीले आफूले उपलब्ध गराउने सेवा सुविधा बापत पर्यटकबाट लिईने शुल्कको विवरण सहितको सूचना इजाजतपत्र प्राप्त गरेको मितिले तीन महिना भित्र अनुसूची —४ बमोजिमको ढाँचामा मन्त्रालयलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको शुल्कमा कुनै परिवर्तन भएमा इजाजतपत्र प्राप्त एजेन्सीले त्यस्तो शुल्कको विवरण परिवर्तन भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको शुल्कको विवरण मन्त्रालयले अभिलेखिकरण तथा अद्यावधिक गर्नेछ।

१०. **शाखा कार्यालय खोल्न स्वीकृति लिनु पर्ने:** (१) इजाजतपत्र प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रमा उल्लेख गरेको स्थान बाहेक अन्य स्थानमा शाखा कार्यालय खोल्न चाहेमा त्यस्तो कार्यालय रहने स्थान समेत खुलाई स्वीकृतिका लागि दरखास्त दस्तुर बापत एक सय रुपैयाँ सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी शाखा बिस्तार बापत प्रति शाखा इजाजतपत्र दिंदा लाग्ने दस्तुरको पच्चीस प्रतिशत रकम लिइ दरखास्तवालाको माग बमोजिम शाखा कार्यालय खोल्न स्वीकृति दिनेछ।

११. **अद्यावधिक गर्नु पर्ने:** (१) यो नियमावली प्रारम्भ हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजत वा अनुमति लिई सञ्चालनमा रहेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले कार्यालय समक्ष दरखास्त दिई अद्यावधिक गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा कार्यालयले नियम ३ बमोजिम हुनुपर्ने बैङ्क ग्यारेन्टी तथा अन्य आवश्यक कागजातहरू समेत चेकजाँच गरी यस नियमावली बमोजिम अद्यावधिक गर्नेछ।

(३) उपनियम (२) बमोजिम अद्यावधिक गर्दा कुनै दस्तुर लाग्ने छैन।

१२. **स्वीकृति बिना मालसमान बिक्री वा हक हस्तान्तरण गर्न नहुने:** इजाजत प्राप्त व्यक्तिले नेपाल सरकारबाट परिवर्त्य बिदेशी मुद्रा वा अरु कुनै किसिमको सहुलियतमा खरिद गरेका मालसमान मन्त्रालयको स्वीकृति बिना कसैलाई बिक्री वा हक हस्तान्तरण गर्न हुदैन।

१३. **व्यक्तिगत दुर्घटना बीमा सम्बन्धी व्यवस्था:** (१) पर्यटकले ट्राभल वा ट्रेकिङ्गको लागि प्रस्थान गर्नु अघि आफ्नो साथमा जाने कामदारको नाइके तथा कामदारलाई ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको अभियान समाप्त गरी नफर्केसम्मको लागि नेपालभित्र

संस्थापित बीमा कम्पनीबाट दश लाख रुपैयाँमा नघट्ने गरी दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गरिएको व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा त्यस्तो व्यक्तिले बीमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति भए त्यस्तो व्यक्ति र निज पनि नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्यटक वा इजाजतपत्र प्राप्त व्यक्तिको हुनेछ।

(३) उपनियम (२) बमोजिमको रकम पाउने व्यक्ति नाबालक भएमा निजले पाउने रकम सम्बन्धित बीमा कम्पनी वा इजाजतपत्र प्राप्त व्यक्तिले कार्यालयमा बुझाउनु पर्नेछ र कार्यालयले त्यस्तो नाबालक बालिग नभएसम्म निजको पालन पोषणको आवश्यक व्यवस्था मिलाउनका लागि सो रकमको उपयुक्त व्यवस्था गर्नेछ।

(४) कामदारको नाइके वा कामदार दुर्घटनामा परी अङ्गभङ्ग बाहेक अन्य चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति वा पर्यटकले नेपाल राज्यमा संस्थापित बीमा कम्पनीबाट कम्तीमा पाँच लाख रुपैयाँको बीमा गराउनु पर्नेछ।

१४. **<u>करार सम्झौता गराएर मात्र काममा लगाउनु पर्नेः</u>** इजाजतपत्र प्राप्त व्यक्तिले पर्यटकसँग जाने कामदारलाई कामको अवधिको लागि अनुसूची —५ बमोजिम करार सम्झौता गराएर मात्र काममा लगाउनु पर्नेछ।

१५. **<u>वातावरणीय सरसफाई तथा फोहरमैला व्यवस्थापनः</u>** पर्यटक वा इजाजतपत्र प्राप्त व्यक्तिले ट्राभल वा ट्रेकिङ्ग गर्दा वा गराउँदा विभिन्न शिविरमा आफूले प्रयोग गरेका सामान जम्मा गरी पानीघाट, धार्मिक स्थल वा सार्वजनिक महत्त्वको वा सन्धि सर्पन नपर्ने ठाउँमा उचित व्यवस्थापन गर्नु पर्नेछ।

१६. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको विवरण हेरफेर सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले पन्ध्र दिन भित्रमा कार्यालय समक्ष सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि कार्यालयले नाम वा ठेगाना परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाई सोको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ।

१७. **<u>ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको शेयरधनी परिवर्तन सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजतपत्रप्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको साविकको शेयरधनी परिवर्तन भएमा परिवर्तन भएको मितिले पन्ध्र दिन भित्रमा कार्यालयमा सूचना दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि कार्यालयले शेयरधनी परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाउनु पर्नेछ।

१८. **<u>इजाजतपत्र नलिई टिकटको खरिद-बिक्री (टिकेटिङ्ग) गर्ने वा एजेण्टको काम गर्न नहुनेः</u>** कसैले पनि यस नियमावली बमोजिम ट्राभल एजेन्सीको इजाजतपत्र नलिई हवाई सेवाको टिकट खरिद-बिक्री (टिकेटिङ्ग) गर्ने वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) को रुपमा काम गर्न हुदैन।

१९. **<u>प्रतिवेदन पेश गर्नु पर्नेः</u>** इजाजतपत्र प्राप्त ट्राभल वा ट्रेकिङ्ग व्यवसायीले वर्षभरी गरेका आफ्नो कारोबारको विवरण सहितको प्रतिवेदन सो आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा कार्यालयमा पेश गर्नु पर्नेछ।

२०. **<u>बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्नेः</u>** (१) इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले राखेको बैङ्क ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्नु पर्ने भएमा कारण खोली निवेदन दस्तुर वापत एकसय रुपैयाँ सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) वमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गर्दा बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्न उपयुक्त देखेमा आवश्यक निर्णय गर्नेछ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा बाहेक अन्य अवस्थामा इजाजत लिदाका बखत पेश गरेको बैङ्क ग्यारेन्टी परिवर्तन वा फुकुवा गरिने छैनः-

(क) इजाजतपत्र खारेज वा ऐन र यस नियमावलीको प्रावधान बमोजिम इजाजतपत्र स्वतः खारेज भएमा,

(ख) कम्पनी वा फर्मको दर्ता खारेज भएमा,

(ग) ट्राभल तथा ट्रेकिङ्ग व्यवसाय सञ्चालन गर्ने उद्देश्य परिवर्तन वा खारेज भएमा,

(घ) शेयरधनी परिवर्तन भई एजेन्सीको दायित्व र शेयरमा परिवर्तन भएमा,

(ङ) बैङ्क ग्यारेण्टीको म्याद समाप्त भएमा,

(च) जमानत राखेको बैंक कुनै कारणले असुरक्षित भई जमानत असुल उपर हुन कठिन हुने अवस्था भएमा।

२१. **<u>रकम असुल गराई दिन सक्ने:</u>** (१) कुनै कामदारले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीसँग लिन बाँकी रहेको पारिश्रमिक भराई पाउन कार्यालय समक्ष दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा कार्यालयले त्यस्तो एजेन्सीद्वारा कार्यालयको नाममा राखेको बैङ्क ग्यारेण्टीको रकमबाट कट्टा हुने गरी सम्बन्धित दरखास्तवालालाई रकम भुक्तानी दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कार्यालयले भुक्तानी दिएमा भुक्तानी दिएको रकम सम्बन्धित एजेन्सीले पैतीस दिनभित्र पुनः बैङ्क ग्यारेण्टीको रुपमा कार्यालयको नाममा जम्मा गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिमा पनि भुक्तानी भएको बैंक ग्यारेण्टी रकम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले बैंकमा जम्मा नगरेमा त्यस्तो इजाजतपत्र स्वतः खारेज हुनेछ।

२२. **<u>निर्देशन दिन सक्ने:</u>** मन्त्रालय वा निर्देशनालय वा कार्यालयले ट्राभल वा ट्रेकिङ्ग व्यवसायको सम्बन्धमा इजाजतपत्र प्राप्त व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

२३. **<u>आचार संहिता बनाई लागू गर्न सक्ने:</u>** मन्त्रालयले इजाजतपत्र प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले पालन गर्नु पर्ने आचार संहिता बनाई लागू गर्न सक्नेछ र त्यस्तो आचार संहिता पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

## परिच्छेद — ३

## <u>पर्यटकस्तरको होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सम्बन्धी व्यवस्था</u>

२४. **<u>पर्यटकस्तरको रूपमा दर्ता:</u>** (१) प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता भएका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई व्यवसायीले ऐनको दफा ९ को उपदफा (१) बमोजिम पर्यटकस्तरको भनी दर्ता गराउन चाहेमा एक सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची — ७ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजात संलग्न गरी दरखास्त दिनु पर्नेछ:-

(क) स्किम वा सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) प्रचलित कानून बमोजिम उद्योग दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) फर्म वा व्यक्ति भए त्यस्तो फर्मको सञ्चालक वा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(घ) शेयर धनी भए शेयर धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,

(च) घरजग्गा भाडामा लिएको भए घरजग्गा धनीसँग भएको सम्झौताको प्रमाणित प्रतिलिपि (जग्गाको चारकिल्ला समेत खुल्ने कागजात समेत),

(छ) कम्पनीको हकमा प्रवन्ध पत्र र नियमावलीको प्रतिलिपि,

(ज) पार्किङ्गको सुविधा भएको प्रमाणित गर्ने कागजात वा पार्किङ्गको लागि जग्गा भाडामा लिएको भए भाडामा लिएको सम्झौताको प्रतिलिपि,

(झ) प्रचलित कानून बमोजिम गर्नु पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र

(ञ) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमका कागजात सहित दरखास्त प्राप्त भएमा कार्यालयले स्थलगत निरीक्षण गरी रेष्टुराँ र बारको हकमा नियम ३१ बमोजिमका मापदण्ड पुरा भएको पाइएमा पाँच हजार रुपैयाँ दस्तुर लिई पर्यटकस्तरमा दर्ता गरी अनुसूची - ८ बमोजिमको ढाँचामा इजाजत पत्र दिन सक्नेछ र होटेल, लज, तथा रिजर्टको हकमा निरीक्षण प्रतिवेदन सहित स्तर निर्धारणका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२५. **<u>होटेल, लज तथा रिजर्टको स्तर निर्धारणः</u>** (१) ऐनको दफा १० बमोजिमको समितिले नियम २४ को उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन सहितका कागजातको अध्ययन गरी त्यस्तो होटेल, लज तथा रिजर्टमा रहेको सुविधाका आधारमा पर्यटकस्तरको साधारण होटेल वा पर्यटक आवास (टुरिस्ट रिजर्ट) वा एक तारेदेखि पाँचतारे सम्मको कुनै एकमा स्तर निर्धारण वा वर्गीकरण गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(२) उपनियम (१) बमोजिम भएको सिफारिसको आधारमा मन्त्रालयले त्यस्तो होटेल, लज तथा रिजर्टको स्तर निर्धारण वा वर्गीकरण गरी एक महिनाभित्रमा कार्यालयमा पठाउनेछ।

(३) नियम २४ र २६  बमोजिम दर्ता वा इजाजतपत्र प्राप्त होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई मन्त्रालयले पर्यटकस्तरको पहिचान झल्कने गरी कुनै चिन्ह (लोगो) दिन सक्नेछ।

२६. **<u>इजाजत दिनेः</u>** (१) नियम २५ को उपनियम (२) बमोजिमको वर्गीकरण वा स्तर निर्धारणका आधारमा देहाय बमोजिमको दस्तुर लिई कार्यालयले त्यस्तो होटेल, लज तथा रिजर्टलाई पर्यटकस्तरमा दर्ता गरी अनुसूची —८ बमोजिमको ढाँचामा इजाजत पत्र दिनेछः-

| | |
|---|---|
| (क) पर्यटक आवास (साधारण) | दश हजार रुपैयाँ |
| (ख) पर्यटक आवास (डिलक्स) | बीस हजार रुपैयाँ |
| (ग) साधारण होटेल/लज | दश हजार रुपैयाँ |
| (घ) एकतारे होटेल | पन्ध्र हजार रुपैयाँ |
| (ङ) दुईतारे होटेल | बीस हजार रुपैयाँ |
| (च) तीनतारे होटेल | तीस हजार रुपैयाँ |
| (छ) चारतारे होटेल | चालीस हजार रुपैयाँ |
| (ज) पाँचतारे होटेल (साधारण) | पचास हजार रुपैयाँ |
| (झ) पाँचतारे होटेल (डिलक्स) | साठी हजार रुपैयाँ |

(२) उपनियम (१) बमोजिमको इजाजतपत्र हराएमा वा नासिएमा प्रतिलिपिको लागि व्यवसायीले कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त मनासिव देखिएमा कार्यालयले पाँच सय रुपैयाँको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

२७. **<u>मापदण्ड निर्धारण गर्नेः</u>** (१) पर्यटकस्तरको होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको स्तर निर्धारण वा वर्गीकरण गर्न मन्त्रालयले होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको मापदण्ड निर्धारण गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड निर्धारण नहुदासम्म नेपाल सरकारबाट जारी भएको प्रचलित मापदण्ड लागू हुनेछ।

२८. **अद्यावधिक गर्नु पर्नेः** (१) यो नियमावली प्रारम्भ हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजत वा अनुमति लिई सञ्चालनमा रहेका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले कार्यालय समक्ष दरखास्त दिई अद्यावधिक गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अद्यावधिक गर्दा कुनै दस्तुर लाग्ने छैन।

२९. **पर्यटकस्तरका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको नवीकरणः** (१) नियम २४ र २६ बमोजिम इजाजतप्राप्त होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले इजाजतपत्रको अवधि समाप्त हुनुअगावै नवीकरणका लागि देहाय बमोजिमका कागजात सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

तर म्याद सकिन तीन महिना अगावै नवीकरण गरिने छैन।

(क) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोबार गर्न अनुमति लिएको भए सो अनुमति पत्रको प्रतिलिपि,

(घ) होटेल, लज तथा रिजर्टको हकमा वार्षिक प्रतिवेदन बुझाएको प्रमाण।

(२) कार्यालयले उपनियम (१) बमोजिमको दरखास्त सहितको कागजात प्राप्त भएपछि स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी साविकको स्तर कायम हुन उपयुक्त देखिएमा कार्यालयले इजाजतपत्र प्राप्त गर्नको लागि लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिई नवीकरण गर्नेछ र होटेल, लज तथा रिजर्टको साविकको स्तर कायम हुन नसक्ने देखिएमा उपयुक्त स्तर निर्धारण वा वर्गीकरणका लागि प्रतिवेदन सहित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) इजाजतपत्रको म्याद समाप्त भएपछि इजाजतपत्र नवीकरण गर्न नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लाग्नेछः-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ग) खण्ड (ख) बमोजिमको म्याद समाप्त भएको मिति देखि नवीकरण दस्तुरको पचास प्रतिशत र प्रत्येक वर्षको लागि पाँच हजार रुपैयाँ थप जरिबाना।

३०. **<u>पर्यटकस्तरको होटेल, लज तथा रिजर्टमा हुनु पर्ने सुविधाः</u>** पर्यटकस्तरको होटेल, लज तथा रिजर्ट कम्तीमा देहाय बमोजिमको सुविधायुक्त हुनुपर्नेछः-

(क) सुत्ने कोठा कम्तीमा दशवटा (लजको हकमा कम्तीमा पाँच कोठा) हुनुपर्ने र ती सबैमा पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनु पर्ने,

(ख) कम्तीमा पच्चीस प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय संलग्न हुनु पर्ने र अन्य प्रत्येक चार कोठाको निमित्त एकको हिसाबले आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय हुनुपर्ने,

(ग) स्नानागार र शौचालयमा राम्रा र बलिया साधन जडिएको र पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रवन्ध हुनुपर्ने,

(घ) स्वागत कक्ष (रिसेप्सन काउन्टर) राम्रोसँग सजाइएको, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने,

(ङ) कर्मचारीको पोशाक सफा सुग्घर र समान प्रकारको हुनुपर्ने,

(च) भोजन कक्ष (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफा सुग्घर हुनुपर्ने,

(छ) ऋतु अनुसार पङ्खा वा हिटर हुनु पर्ने,

(ज) वरिष्ठ कर्मचारीहरु होटेल व्यवसायमा अनुभवी र अंग्रजी बोल्न जान्ने हुनुपर्ने,

(झ) प्राथमिक उपचार (First Aid) र आगो निभाउने यन्त्र (Fire Extinguisher) को प्रवन्ध हुनुपर्ने,

(ञ) तीव्र गतिको इन्टरनेट सुविधा सबै कोठामा सबै समयमा पर्याप्त उपलब्ध हुनुपर्ने,

(ट) पर्याप्त पार्किङ्ग सुविधा भएको,

(ठ) मौलिक कला सँस्कृति, प्राकृतिक सम्पदाको सूचना दिने सामग्री राखिएको,

(ड) सुरक्षाको राम्रो प्रवन्ध भएको,

(ढ) सबै कोठामा आधुनिक फर्निचर र बिजुलीको राम्रो प्रबन्ध हुनुपर्ने,

तर मौलिक कला र सँस्कृतिको पहिचान झल्कने गरी स्थानीय फर्निचरको प्रयोग गर्न सकिनेछ।

३१. **<u>पर्यटकस्तरको रेष्टुराँ वा बारमा हुनु पर्ने सुविधाः</u>** पर्यटकस्तरको रेष्टुराँ वा बारमा कम्तीमा देहाय बमोजिमको सुविधायुक्त हुनुपर्नेछः-

(क) अन्तर्राष्ट्रियस्तर कायम रहने गरी परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था हुनु पर्ने,

(ख) स्वच्छ र स्वस्थकर पिउने पानीको व्यवस्था हुनु पर्ने,

(ग) महिला र पुरुषको निमित्त रुमाल, साबुन लगायत शौचालयमा आवश्यक पर्ने अन्य सम्पूर्ण सामग्री सहितको छुट्टाछुट्टै शौचालय हुनु पर्ने,

(घ) पर्याप्त पार्किङ्गको व्यवस्था हुनु पर्ने,

(ङ) ओहोरदोहर गर्न पर्याप्त ठाउँ भएको फराकिलो कोठा वा त्यस अनुरुप बस्ने व्यवस्था हुनु पर्ने,

(च) कर्मचारीको पोशाक सफा र समान प्रकृतिको हुनु पर्ने,

(छ) फर्निचर सफा सुग्घर र स्तरयुक्त हुनु पर्ने,

(ज) पर्याप्त मात्रमा तातो चिसो पानीको व्यवस्था हुनु पर्ने,

(झ) रिसेप्सनमा मूल्यसूची सबैले देख्ने गरी प्रष्ट रुपमा राखिएको हुनु पर्ने,

(ञ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफा सुग्घर हुनु पर्ने,

(ट) प्राथमिक उपचार (First Aid) र आगो निभाउने यन्त्र (Fire Extinguisher) को प्रवन्ध हुनु पर्ने,

(ठ) एकै समयमा कम्तीमा पन्ध्र जना व्यक्तिहरू बसी खान सकिने हुनु पर्ने।

३२. **<u>विवरण हेरफेर सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजत प्राप्त होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा बारको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले पन्ध्र दिन भित्रमा कार्यालयमा सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा कार्यालयले विवरण परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाउनु पर्नेछ।

३३. **शेयरधनी परिवर्तन सम्बन्धी व्यवस्था:** इजाजत प्राप्त होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको साविकको शेयरधनी परिवर्तन भएमा परिवर्तन भएको मितिले पन्ध्र दिन भित्रमा कार्यालयमा सूचना दिनु पर्नेछ।

३४. **शुल्कको विवरण दिनु पर्ने:** (१) ऐनको दफा ९ बमोजिम दर्ता भएका वा इजाजत प्राप्त होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा बारले आफूले उपलब्ध गराउने सेवा सुविधा बापत पर्यटकबाट लिईने शुल्कको विवरण इजाजतपत्र प्राप्त गरेको तीन महिना भित्र अनुसूची –९ बमोजिमको ढाँचामा मन्त्रालयलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको शुल्कमा कुनै परिवर्तन भएमा दर्ता भएका वा इजाजत प्राप्त होटेल, लज, रेस्टुराँ तथा रिजर्ट वा बारले मन्त्रालयमा त्यस्तो शुल्कको विवरण परिवर्तन भएको तीन महिनाभित्र दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको शुल्कको विवरण मन्त्रालयले अभिलेखिकरण तथा अद्यावधिक गर्नेछ।

३५. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** इजाजतपत्र प्राप्त होटेल, लज तथा रिजर्ट व्यवसायीले प्रत्येक आर्थिक वर्षमा गरेका आफ्नो कारोबारको विवरण सहितको प्रतिवेदन सो आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र अनुसूची –१० बमोजिमको ढाँचामा कार्यालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद – ४
## पथ प्रदर्शक सम्बन्धी व्यवस्था

३६. **पथ प्रदर्शकको इजाजत:** (१) पथ प्रदर्शकको काम गर्ने इजाजतपत्र लिन नियम ३७ बमोजिमको कागजात संलग्न गरी एक सय रुपैयाँको दरखास्त दस्तुर सहित अनुसूची –११ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त उपर कार्यालयले आवश्यक जाँचबुझ गरी एक हजार रुपैयाँ दस्तुर लिई अनुसूची –१२ बमोजिमको ढाँचामा पाँच वर्षको लागि पथ प्रदर्शकको इजाजतपत्र दिन सक्नेछ।

३७. **पथ प्रदर्शकको योग्यता, तालिम र वर्गीकरण:** (१) पथ प्रदर्शकको इजाजतपत्र लिन चाहने व्यक्ति देहाय बमोजिमको योग्यता र तालिम प्राप्त गरेको हुनुपर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) पर्वतारोहण प्रशिक्षण प्रतिष्ठान वा नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान वा मान्यताप्राप्त संस्थाबाट तालिम,

(ग) टुर गाइडको लागि कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण,

(घ) अंग्रेजी बाहेक अन्य भाषा उल्लेख गर्नु पर्ने अवस्थामा सोको प्रमाणपत्र।

(२) पथ प्रदर्शकको वर्गीकरण प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी मन्त्रालयले तोके बमोजिम हुनेछ।

३८. **<u>इजाजतपत्रको नवीकरण र प्रतिलिपि सम्बन्धी व्यवस्थाः</u>** (१) पथ प्रदर्शकको इजाजत प्राप्त व्यक्तिले इजाजतपत्रको म्याद सकिने अन्तिम तीन महिनाको अवधिमा इजाजतपत्र नवीकरणका लागि कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्तमा कार्यालयले आवश्यक जाँचबुझ गरी एक हजार रुपैयाँ दस्तुर लिई पाँच वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(३) इजाजतपत्र नवीकरण गर्ने म्याद समाप्त भएपछि इजाजतपत्र नवीकरणका लागि दरखास्त दिएमा नवीकरण दस्तुर सहित देहाय बमोजिमको थप दस्तुर लिइ कार्यालयले नवीकरण गर्न सक्नेछः-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको समय समाप्त भएको मितिले छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ग) खण्ड (ख) बमोजिमको समय समाप्त भएपछि प्रत्येक वर्षको लागि नवीकरण दस्तुरको शतप्रतिशत।

(४) यस नियमावली बमोजिम प्रदान भएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपिको लागि इजाजत प्राप्त व्यक्तिले कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको दरखास्त मनासिव देखिएमा कार्यालयले पाँच सय रुपैया दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

३९. **<u>इजाजतपत्र खारेज गर्न सकिने:</u>** ऐनको दफा १९ को उपदफा (१) बमोजिमको अवस्थामा कार्यालयले पथ प्रदर्शकको इजाजतपत्र खारेज गर्न सक्नेछ।

४०. **<u>पथ प्रदर्शकले आफ्नो अनुभवको जानकारी दिनु पर्ने:</u>** पथ प्रदर्शकले प्रत्येक वर्ष पर्यटकहरूको सम्बन्धमा आफ्नो अनुभवको जानकारी अनुसूची —१३ बमोजिमको ढाँचामा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

परिच्छेद — ५

## <u>जलयात्रा व्यवसाय र रिभर गाइड सम्बन्धी व्यवस्था</u>

४१. **<u>इजाजतपत्र नलिई जलयात्रा व्यवसाय गर्न नहुने:</u>** यस नियमावली बमोजिम इजाजतपत्र नलिई कसैले पनि जलयात्रा व्यवसाय सञ्चालन गर्न हुँदैन।

४२. **<u>इजाजतपत्रको लागि दरखास्त दिनु पर्ने:</u>** जलयात्रा व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले इजाजतपत्रको लागि मन्त्रालयले तोकेको गुणस्तरका सुरक्षात्मक उपकरण तथा सामग्रीको विवरणका साथै देहायको कागजात संलग्न गरी एक सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१४ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनीको नियमावली र प्रवन्ध पत्रको प्रतिलिपि,

(ख) दक्ष जनशक्ति रहेको प्रमाणित गर्ने नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ग) सञ्चालकको व्यक्तिगत विवरण र नागरिकताको प्रमाणित प्रतिलिपि तथा तीन प्रति फोटो,

(घ) सञ्चालक उपस्थित भई गरेको शर्त सम्बन्धी कागजात र एकभन्दा बढी सञ्चालक भएको अवस्थामा ती मध्ये कुनै एकजना सञ्चालकलाई शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि,

(ङ) न्यूनतम सामग्रीको रुपमा दुईवटा जलयात्राका साधन, कायक, लाइफ ज्याकेट, हेलमेट र अनुमति प्राप्त रिभर गाइड रहेको,

(च) कार्यालय प्रयोजनको लागि घर भाडामा लिएको भए सम्झौताको प्रमाणित प्रतिलिपि वा जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,

(छ) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) शेयरधनी भए शेयरधनी संख्या तथा लागत खुलेको विवरण,

(झ) नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग कार्य वा क्रुज वा तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालनको हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

४३. **<u>इजाजतपत्र दिनेः</u>** (१) कार्यालयले इजाजत पत्र दिनु अघि नियम ४२ बमोजिम प्राप्त दरखास्त सहितका कागजात र मन्त्रालयले तोके बमोजिमको गुणस्तरका सुरक्षात्मक उपकरण तथा सामग्री जाँचबुझ गरी सिफारिस गर्न मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त सहित कागजात, उपकरण तथा सामग्री जाँचबुझ गरी इजाजतका लागि सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः-

(क) पर्यटन हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - संयोजक

(ख) मन्त्रालयले तोकेको सम्बन्धित विषयको प्राविधिक - सदस्य

(ग) प्रमुख, सम्बन्धित जिल्लाको कार्यालय - सदस्य

(घ) प्रतिनिधि, नेपाल एशोशियसन अफ र्‍याफ्टिङ एजेन्सीज् (नारा) -सदस्य

(ङ) पर्यटन हेर्ने शाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना सम्बन्धित विषयको विज्ञ र रिभरगाइडलाई आमन्त्रण गर्न सक्नेछ। समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिम गठित समितिले जाँचबुझ गर्दा इजाजतका लागि उपयुक्त देखि सिफारिस गरेमा मन्त्रालयले त्यस्तो जलयात्रा व्यवसाय सञ्चालनका लागि इजाजत दिन कार्यालयलाई लेखी पठाउनु पर्नेछ र कार्यालयले

त्यस्तो जलयात्रा व्यवसायीबाट पाँच हजार रुपैयाँ दस्तुर लिई जलयात्रा व्यवसाय सञ्चालन गर्न अनुसूची - १५ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ।

(५) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भई जलयात्रा व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीले इजाजत पत्र नवीकरण गर्नु पूर्व यस नियमावली बमोजिम कार्यालय समक्ष अद्यावधिक गर्नु पर्नेछ।

४४. **कम्पनी वा फर्मको दर्ता तथा बैंक ग्यारेण्टी सम्बन्धी व्यवस्थाः** जलयात्रा व्यवसायीले इजाजतपत्र लिनु अघि देहाय बमोजिमका शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) कम्पनीको हकमा कम्तीमा दुईलाख रुपैयाँ चुक्ता पूँजी भएको कम्पनी र फर्मको हकमा कम्तीमा दुईलाख रुपैयाँ जायजेथा भएको फर्म दर्ता गर्नु पर्ने,

(ख) नेपाल राष्ट्रबैंकबाट “क” वा “ख” वर्गको मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट कार्यालयको नाममा जारी भएको एक लाख रुपैयाँ बराबरको बैंक ग्यारेण्टीको पत्र।

४५. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) नियम ४३ बमोजिमको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजतपत्रको नवीकरण गराउन चाहने व्यक्तिले इजाजतपत्रको म्याद सकिने अन्तिम एक महिनाको अवधिमा पाँच हजार रुपैयाँ दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम म्याद समाप्त भएपछि इजाजतपत्र नवीकरण गर्न नवीकरण दस्तुरका अतिरिक्त देहाय बमोजिम थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछः-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ग) खण्ड (ख) बमोजिमको म्याद समाप्त भएको मिति देखि नवीकरण दस्तुरको पचास प्रतिशत र प्रत्येक वर्षको लागि एक हजार रुपैयाँ थप जरिबाना।

४६. **<u>इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले पालना गर्नु पर्ने शर्तहरू:</u>** इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम, ठेगानाको अभिलेख राख्ने र कार्यालयमा जानकारी गराउने,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले जलयात्राको लागि खुला गरिएका नदी, पोखरी र ताल बाहेक अन्यत्र पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन गर्न मन्त्रालयद्वारा तोकिएका आचार संहिताका मापदण्ड पालना गर्नु पर्ने,

(घ) इजाजतपत्रको अवधिको प्रत्येक वर्षका वार्षिक प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्ने,

(ङ) ऐन तथा नियमावली बमोजिम जलयात्रा व्यवसायीले पालना गर्नु पर्ने अन्य शर्तहरू पालना गर्ने,

(च) मन्त्रालय वा निर्देशनालय वा कार्यालयले दिएको निर्देशनको पालना गर्नु पर्ने,

(छ) जलयात्रासँग सम्वद्ध उपकरणहरुको नियमित मर्मत सम्भार गर्नु पर्ने।

४७. **<u>इजाजतपत्र रद्द गर्न सक्ने:</u>** (१) जलयात्रा व्यावसायीले यस नियमावली विपरीत जलयात्रा गराएमा कार्यालयले निजको इजाजतपत्र रद्द गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि कार्यालयले त्यस्तो जलयात्रा व्यवसायीलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

(३) पेश भएको सफाइ सन्तोषजनक नभई उपनियम (१) बमोजिम इजाजतपत्र रद्द भएको जलयात्रा व्यवसायीले इजाजतपत्र रद्द भएको मितिबाट दुई वर्षसम्म जलयात्रा सम्बन्धी व्यवसाय गर्न पाउने छैन र निजलाई नयाँ इजाजतपत्र दिइने छैन।

(४) उपनियम (१) बमोजिम इजाजतपत्र रद्द भएको कारणबाट मात्र त्यस्तो जलयात्रा व्यवसायी यस नियमावली बमोजिमको दायित्वबाट मुक्त हुने छैन।

४८. **<u>सुरक्षा सम्बन्धी व्यवस्थाः</u>** (१) जलयात्रा व्यवसायीले जलयात्रामा जाने पर्यटक तथा नेपाली कामदारलाई जीवन सुरक्षा ज्याकेट (लाईफ ज्याकेट), हेल्मेट जस्ता सुरक्षात्मक सामग्रीहरू उपलव्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षात्मक सामग्री व्यवस्था नगरेको कारणबाट जलयात्रामा जाने व्यक्तिलाई कुनै किसिमको चोटपटक लागेमा वा निजको मृत्यु भएमा सम्बन्धित जलयात्रा व्यवसायीले त्यस्तो व्यक्तिलाई देहायको क्षतिपूर्ति तिर्नु पर्नेछः-

(क) चोटपटक लागेकोमा त्यस्तो चोटपटकको प्रकृति हेरी दुईलाख रुपैयाँसम्म,

(ख) मृत्यु भएमा पाँचलाख रुपैयाँसम्म।

(३) जलयात्राको सिलसिलामा कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटनाको प्राथमिक खोज तथा उद्धार सम्बन्धी कार्य र जलयात्रामा रहेका व्यक्तिको मृत्यु भएमा शव व्यवस्थापन सम्बन्धित जलयात्रा व्यवसायीले गर्नु पर्नेछ।

४९. **<u>रिभर गाइडको इजाजतपत्रको लागि दरखास्त दिनु पर्नेः</u>** रिभर गाइडको काम गर्न चाहने व्यक्तिले इजाजतपत्रको लागि अनुसूची — १६ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

५०. **<u>इजाजतपत्र दिनेः</u>** नियम ४९ बमोजिमको दरखास्त जाँचबुझ गर्दा दरखास्तवाला व्यक्ति इजाजतपत्र दिन योग्य देखिएमा कार्यालयले त्यस्तो व्यक्तिसँग एक हजार रुपैंया दस्तुर लिई अनुसूची — १७ बमोजिमको ढाँचामा रिभर गाइडको इजाजतपत्र दिनेछ।

५१. **<u>योग्यताः</u>** देहायको व्यक्ति रिभर गाइडको इजाजतपत्रको लागि योग्य हुनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ख) कुनै मानसिक रोग नलागेको,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त संस्थाबाट रिभर गाइडको तालिम प्राप्त गरेको,

(घ) रिभर गाइडको इजाजतपत्र खारेज भई तीन वर्षको अवधि भुक्तान भई सकेको,

(ङ) निरोगिताको प्रमाणपत्र भएको।

५२. **इजाजतपत्रको अवधि र नवीकरण:** (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले इजाजतपत्रको व्यक्तिले इजाजतपत्रको म्याद सकिने अन्तिम एक महिनाको अवधिमा पाँच सय रुपैयाँ दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) इजाजतपत्र नवीकरण गर्ने म्याद समाप्त भएपछि इजाजतपत्र नवीकरणका लागि दरखास्त दिएमा नवीकरण दस्तुर सहित देहाय बमोजिमको थप दस्तुर लिइ कार्यालयले नवीकरण गर्न सक्नेछः-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको समय समाप्त भएको मितिले छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत र

(ग) खण्ड (ख) बमोजिमको समय समाप्त भएपछि प्रत्येक वर्षको लागि नवीकरण दस्तुरको शतप्रतिशत।

५३. **विदेशी तालिमको मान्यता:** (१) विदेशबाट प्राप्त गरेको रिभर गाइडको तालिमलाई मान्यता दिने सम्बन्धमा सिफारिस गर्ने प्रयोजनका लागि मन्त्रालयले रिभर गाइड सम्बन्धी तालिम दिन नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त वा प्रचलित कानून बमोजिम इजाजत वा अनुमतिपत्र प्राप्त संस्था समेतको प्रतिनिधित्व हुने गरी तीन सदस्य रहेको एक समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो तालिमलाई मान्यता दिन सकिने व्यहोरा सिफारिस गरेमा मन्त्रालयले आधारभूत परीक्षण पश्चात समकक्षता निर्धारण गरी मान्यता दिन सक्नेछ।

५४. **रिभर गाइडले गर्न नहुने कामहरू:** रिभर गाइडले देहायका कामहरू गर्न हुदैनः-

(क) आफूले जलयात्रा गराएको पर्यटकसँग कुनै किसिमको मालसमान खरीद गर्न वा सो कामसँग सम्बन्धित व्यक्तिसँग नगद वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) जलयात्रा व्यवसायीले उपलब्ध गराएका उपकरण बेचविखन गर्न,

(ग) कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न,

(घ) आफ्नो इजाजतपत्र अरुलाई हस्तान्तरण गरी रिभर गाइडको काम गर्न लगाउन,

(ङ) मन्त्रालयबाट जारी गरिएको रिभर गाइडको पालना गर्नु पर्ने आचार संहिता विपरित कार्य गर्न,

(च) जलयात्रा व्यवसायीको निर्देशन विपरित कार्य गर्न।

५५. **रिभर गाइडको काम, कर्तव्य र अधिकारः** रिभर गाइडको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जलयात्राको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट खुला गरिएका नदीमा मात्र जलयात्रा गराउने,

(ख) जलयात्रा टोलीसँग अनुशासित र मर्यादित ढङ्गले सम्बन्ध राखी काम गर्नु पर्ने,

(ग) जलयात्रा व्यवसायीबाट जलयात्राको लागि प्राप्त मालसमान हिनामिना हुन नदिने,

(घ) जलयात्रा टोलीलाई कुनै विपद् परेमा उद्धार गर्ने र जलयात्रीको जीउधनको संरक्षण गर्ने,

(ङ) जलयात्राको सिलसिलामा सरसमान प्रयोग गर्दा निस्केका फोहरमैलाको उचित व्यवस्थापन गर्ने।

५६. **करार सम्झौता गराएर मात्र काममा लगाउनु पर्नेः** इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले कुनै व्यक्तिलाई जलयात्रा सम्बन्धी काममा लगाउँदा अनुसूची — १८ बमोजिमको ढाँचामा करार सम्झौता गरी लगाउनु पर्नेछ।

५७. **दुर्घटना बीमा र क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले जलयात्रा टोलीसँग जाने रिभर गाइड वा कामदार र जलयात्रीको जलयात्रामा जानु अघि नेपालमा बीमा व्यवसाय गर्न इजाजत प्राप्त बीमा कम्पनीबाट जलयात्रा अवधिभरको लागि कम्तीमा पाँचलाख रुपैयाँको व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बीमा गरिएको व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा त्यस्तो व्यक्तिले बीमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजले इच्छाइएको कुनै व्यक्ति रहेछ भने निजलाई र त्यस्तो व्यक्ति नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित जलयात्रा व्यवसायीको हुनेछ।

(३) उपनियम (१) बमोजिम बीमा गराउनु पर्ने व्यक्तिको बीमा नगराई जलयात्रा सम्बन्धी काममा लगाइएको अवस्थामा कुनै दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत उपनियम (१) बमोजिमको बीमाको रकम बराबरको क्षतिपूर्ति सम्बन्धित जलयात्रा व्यवसायीले सम्बन्धित व्यक्तिलाई र निजको मृत्यु भएमा निजले इच्छाइएको व्यक्ति र त्यस्तो व्यक्ति नभएमा निजको नजिकको हकवालालाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा नगराई रिभर गाइड वा अन्य कामदारलाई काममा लगाएमा कार्यालयले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) जलयात्रा टोलीसँग जाने कामदारलाई जलयात्राको क्रममा सामान्य चोटपटक लागेमा जलयात्रा व्यवसायीले त्यस्तो कामदारको आवश्यक औषधोपचार गरिदिनु पर्नेछ।

५८. **जलयात्रा व्यवसायी मार्फत जलयात्रा गर्नु पर्ने:** कार्यालयले अन्यथा स्वीकृति दिएकोमा बाहेक जलयात्रा गर्न पर्यटकले यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायी मार्फत मात्र जलयात्रा गर्नु पर्नेछ।

५९. **रिभर गाइडले आफ्नो अनुभवको जानकारी दिनु पर्ने:** रिभर गाइडले प्रत्येक छ महिनामा पर्यटकहरूको सम्बन्धमा आफ्नो अनुभवको जानकारी अनुसूची – १९ बमोजिमको ढाँचामा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

६०. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था:** ऐनको दफा २० मा उल्लिखित अन्य पर्यटन व्यवसायको दर्ता, इजाजत, नवीकरण, सञ्चालन र खारेजी सम्बन्धी व्यवस्था प्रदेश सरकारले जारी गरेको कार्यबिधि बमोजिम हुनेछ।

## परिच्छेद –६
## प्रदेश पर्यटन कोष सम्बन्धी व्यवस्था

६१. **प्रदेश पर्यटन कोष सञ्चालक समितिको गठन:** (१) ऐनको दफा २७ मा उल्लिखित कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको प्रदेश पर्यटन कोष सञ्चालक समिति रहनेछ:-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) कम्तीमा नवौ तह वा सो सरहको अधिकृत

प्रतिनिधि, अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) पर्यटन व्यवसायीहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(घ) प्रमुख, पर्यटन हेर्ने महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिम मनोनयन हुने सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिम तोकिएको सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६२. **कोषको सञ्चालनः** कोष सञ्चालनका लागि मन्त्रालयले आवश्यक कार्यविधि बनाइ व्यवस्थित गर्न सक्नेछ।

६३. **कोषको प्रयोगः** कोषको रकम देहायका काममा सञ्चालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछः-

(क) प्रदेशमा पर्वतारोहण, पदयात्रा तथा जलयात्राको क्रममा हराइरहेका वा समस्यामा परेका पर्यटक तथा पर्यटन मजदुरहरूको खोज तथा उद्धार,

(ख) पर्यटकीय स्थलको फोहरमैला व्यवस्थापन, प्रदूषणको रोकथाम तथा नियन्त्रण, पर्यटकीय स्थल र त्यसमा रहेका राष्ट्रिय सम्पदाको संरक्षण र सो सम्बन्धी कार्यका लागि जनचेतना अभिवृद्धि,

(ग) पर्यटन विकास सम्बन्धमा आवश्यक शिक्षा, तालिम र अध्ययन अनुसन्धान सम्बन्धी कार्य,

(घ) पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसार सम्बन्धी कार्य।

## परिच्छेद — ७

## होमस्टे (घरबास) सञ्चालन सम्बन्धी व्यवस्था

६४. **होमस्टे दर्ताको लागि निवेदन दिनेः** (१) प्रदेशभित्र होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले होमस्टे दर्ताको लागि देहाय बमोजिमका कागजात सहित अनुसूची - २० बमोजिमको ढाँचामा एक सय रुपैयाँको दस्तुर सहित कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा दश जना घरधनीले आ-आफ्नो घरमा सामुदायिक होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस तथा निजी होमस्टेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टेको विधान,

(ग) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि,

(घ) होमस्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भए पछि कार्यालयले आवश्यक जाँचबुझ गरी दुई हजार रुपैयाँ शुल्क लिई अनुसूची — २१ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाणपत्र दिन सक्नेछ।

(३) यस नियममा अन्यत्र जेसुकै लेखेको भएता पनि अल्पसंख्यक तथा लोपोन्मूख जाति वा समुदायको हकमा कम्तीमा पाँच घर धनी भए पनि सामुदायिक होमस्टेको रुपमा दर्ता गर्न सकिनेछ।

६५. **होमस्टे दर्ताका लागि न्यूनतम मापदण्डहरूः** (१) होमस्टे दर्ताका लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछः-

(क) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड तथा बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाईने,

(ख) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने,

(ग) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्ने र फोहोरमैला व्यवस्थापनको लागि कुहिने र नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने,

(घ) सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरू र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने,

(ङ) नियम ६६ बमोजिम होमस्टेले पालना गर्नु पर्ने शर्तहरू पूरा गरेको हुनुपर्ने।

६६. **<u>होमस्टेले पालना गर्नुपर्ने शर्तहरुः</u>** होमस्टेले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) स्थानीय प्रचलन अनुसार पर्यटकको स्वागतको व्यवस्था गर्नु पर्ने,

(ख) पर्यटकलाई स्थानीयस्तरमा उत्पादित खानाका परिकारको व्यवस्था गर्नु पर्ने,

(ग) पारिवारिक वातावरण र आतिथ्यता प्रदान गर्नु पर्ने,

(घ) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरिएको हुनु पर्ने,

(ङ) स्थानीय भ्रमण प्याकेजहरूको निर्माण र प्रचार प्रसार गर्नु पर्ने,

(च) पर्यटकहरूको दर्ता अभिलेखको व्यवस्था गर्नु पर्ने,

(छ) पर्यटकहरूको स्वास्थ्य उपचार र अन्य आकस्मिक सेवाहरूको व्यवस्थापन र समन्वय गर्नु पर्ने,

(ज) होमस्टे सञ्चालन गर्ने सञ्चलकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र बिदेशी मुद्राको कारोबार गर्नु पर्ने,

(झ) आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टास्नु पर्ने,

(ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्नु पर्ने,

(ट) सम्भव भएसम्म स्थानीय उत्पादन र मायाको चिनो सहित पर्यटकलाई बिदाइ गर्नु पर्ने।

६७. **<u>होमस्टेमा पर्यटकले पालना गर्नु पर्ने आचारसंहिताः</u>** होमस्टेमा पर्यटकले देहाय बमोजिमका आचारसंहिता पालना गर्नु पर्नेछः-

(क) होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे सञ्चालकलाई दवाव दिन पाइने छैन,

(ख) होमस्टे र छिमेकीलाई असर पर्ने गरी होहल्ला गर्न पाइने छैन,

(ग) सामाजिक मूल्य मान्यता, धर्म र सँस्कृतिको प्रतिकूल हुने व्यवहार र गतिविधि गर्न पाइनेछैन,

(घ) जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नु पर्नेछ।

६८. **<u>होमस्टेका मुख्य पर्यटकीय क्रियाकलापः</u>** (१) होमस्टे सञ्चालकले मनोरञ्जनको लागि पाहुनाको चाहना अनुसार स्थानीय क्षेत्रको मौलिकता झल्कने साँस्कृतिक कार्यक्रम, जात्रा/महोत्सव, परम्परागत खेल, जङ्गल ट्रेक, इकोट्रेक, कृषि फार्म अवलोकन, संग्रहालय/कोसेली घर, दृश्यावलोकन लगायतका पर्यटकीय क्रियाकलाप वा कार्यक्रमको व्यवस्था गर्न सक्नेछन्।

(२) होमस्टे सञ्चालकले स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराइ पर्यटक तथा स्थानीय जनताबीच जीवनशैली, कला, सँस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदन प्रदान गराउन सक्नेछन्।

६९. **<u>होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिः</u>** (१) सामुदायिक होमस्टेको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि होमस्टेको विधान बमोजिमको एक सञ्चालक समिति हुनेछ।

(२) उपनियम (१) बमोजिमको समितिको पदावधि दुई वर्षको हुनेछ।

७०. **<u>होमस्टे अनुगमन तथा निरीक्षण सम्बन्धीः</u>** (१) मन्त्रालय, निर्देशनालय, कार्यालय वा स्थानीय तहले आवश्यकता अनुसार समय समयमा होमस्टेको व्यवस्थापन तथा सञ्चालनको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) मन्त्रालय, निर्देशनालय, कार्यालय वा स्थानीय तहबाट हुने अनुगमन तथा निरीक्षणका क्रममा मापदण्ड पूरा नगरेको पाइएमा त्यस्तो होमस्टेलाई एक महिनाको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई कार्यालयले खारेज गर्न सक्नेछ।

(४) कुनै होमस्टे सञ्चालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा मन्त्रालय, निर्देशनालय, कार्यालय वा स्थानीय तहले कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्नु होमस्टे सञ्चालकको कर्तव्य हुनेछ।

७१. **नवीकरण गर्नु पर्ने:** (१) सामुदायिक तथा निजी होमस्टे सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी एक हजार रुपैयाँको दस्तुर सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणका लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(क) सामुदायिक होमस्टेको हकमा लेखा परीक्षण प्रतिवेदन,

(ख) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) समग्र क्रियाकलाप सहितको वार्षिक प्रतिवेदन,

(घ) सामुदायिक होमस्टेको हकमा नवीकरण सम्बन्धी होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको निर्णय।

(२) उपनियम (१) बमोजिम नवीकरण नभएका होमस्टेलाई नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक वर्षको शत प्रतिशत थप दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

७२. **अद्यावधिक गर्नु पर्ने:** यस नियमावली जारी हुनु पूर्व प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका  होमस्टेले नवीकरण गर्नु पूर्व कार्यालयमा अद्यावधिक गर्नु पर्नेछ।

७३. **प्रतिवेदन पेश गर्नु पर्ने:** प्रत्येक होमस्टेले समग्र क्रियाकलापको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र अनुसूची –२२ बमोजिमको ढाँचामा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

परिच्छेद –८

## विविध

७४. **जरीवाना:** यस नियमावली बमोजिम कार्यालयमा पेश गर्नु पर्ने प्रतिवेदन तोकिएको समयभित्र पेश नगरेमा देहाय बमोजिमको जरिबाना लाग्नेछ।

(क) पेश गर्नुपर्ने समयपछि नब्बे दिनसम्म एक हजार रुपैयाँ,

(ख) खण्ड (क) बमोजिमको समय पछि प्रति वर्ष दुई हजार रुपैयाँ।

७५. **अनलाइन प्रणालीबाट सेवा उपलब्ध गराउन सक्ने:** कार्यालयले यस नियमावली बमोजिम गरिने काम कारबाही आवश्यकता अनुसार अनलाइन प्रणालीबाट समेत गर्न गराउन सक्नेछ।

७६. **सवारी साधन पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न सिफारिस गर्ने:** (१) इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले प्रदेशको प्रचलित कानून वा पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन कार्यबिधि, २०६८ ले तोकेको मापदण्ड पूरा गरेका

इजाजत प्राप्त व्यवसायका नाममा दर्ता भएका सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा निवेदन दस्तुर वापत एकसय रुपैयाँ सहित कार्यालय समक्ष सिफारिसको लागि निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले व्यवसायको नाममा भएको सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा पाँचसय रुपैयाँ सिफारिस दस्तुर लिई कार्यालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

७७. **अनुगमन गर्न तथा निर्देशन दिन सक्नेः** (१) मन्त्रालय वा निर्देशनालय वा कार्यालयले आवश्यकता अनुसार पर्यटन व्यवसायको अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्न आउने टोली वा अधिकारीले माग गरे बमोजिमका विवरणहरू उपलब्ध गराउनु सम्बन्धित पर्यटन व्यवसायीको कर्तव्य हुनेछ।

(३) मन्त्रालय वा निर्देशनालय वा कार्यालयले पर्यटन व्यवसायीलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

७८. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

७९. **बाधा अड्काउ फुकाउन सक्नेः** यस नियमावली बमोजिम कार्य सम्पादन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

८०. **खारेजी र बचाउः** (१) होमस्टे सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ।

(३) यस नियमावली प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भएका वा इजाजत पत्र प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरका होटेल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार, पथ प्रदर्शक, जलयात्रा र रिभर गाइड यसै नियमावली बमोजिम भएको मानिने छ।

अनुसूची –१

(नियम ३ सँग सम्बन्धित)

**इजाजतपत्रको लागि दिने दरखास्तको ढाँचा**

श्री ................................ कार्यालय,

..................... गण्डकी प्रदेश, नेपाल ।

म/हामीले मिति ................. मा दर्ता गरेको ट्राभल/ट्रेकिङ्ग एजेन्सी सञ्चालनका लागि इजाजत पाउन देहायका विवरण खुलाई यो दरखास्त पेश गरेका छु/छौंः-

१. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको,–

(क) नामः

(ख) ठेगानाः

(ग) सम्पर्क नं.

(घ) धनी/शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क्र.स. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. ट्राभल/ट्रेकिङ्ग एजेन्सीमा लगानी गरेको पूँजीः-

(क) अधिकृत पूँजीः (ख) जारी पूँजीः (ग) चुक्ता पूँजीः

(घ) स्थिर पूँजीः (ङ) चालू पूँजीः

३. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्ने भएमा,-

(क) संख्याः (ख) स्थानः

४. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित बाह्य पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः

| वर्ष | बाह्य पर्यटकको संख्या | विदेशी मुद्रा आर्जन | बाह्य पर्यटक ल्याउने प्रमुख देशहरू |
|---|---|---|---|
| पहिलो | | | |

| | | | |
|---|---|---|---|
| दोस्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरणः

| संख्या | टिकेटिङ्ग अफिसर | ट्राभलट्रेकिङ्ग / अफिसर | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

६. सवारी साधनको प्रस्तावित व्यवस्था :

| सवारी साधन | संख्या | भाडामा लिने | खरीद गर्ने |
|---|---|---|---|
| बस | | | |
| मिनिबस | | | |
| माइक्रोबस | | | |
| जीप | | | |
| कार | | | |
| अन्य | | | |

७. विदेशी ट्राभल तथा ट्रेकिङ्ग वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरुसँग सम्बद्ध कायम गरिने भएमा त्यसको,–

नामः ठेगानाः

टेलिफोनः फ्याक्सः

वेवसाइटः इमेलः

८. अन्य कुनै कुरा भएः ..............................................

९. संलग्न कागजातहरूः

(१)

(२)

(३)

(४)

गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ तथा गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

कम्पनी/फर्मको छाप

दरखास्तवालाको,–
सही :
नाम :
कम्पनी/फर्मको नामः
पूरा ठेगाना :
मिति :

अनुसूची —२

(नियम ४ सँग सम्बन्धित)

**इजाजतपत्र**

इजाजतपत्र संख्या :

श्री ............................

तपाईलाई मिति ....................... मा गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ४ बमोजिम .................... एजेन्सीको काम गर्न यो इजाजतपत्र दिइएको छ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको,–

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयरधनी/प्रोप्राइटरको नाम र विवरण :

२. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको,–

(क) नामः

(ख) मूल कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

(घ) सुरु इजाजत दिइएको मिति (अद्यावधिक गराउने एजेन्सीको हकमा):

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,–

सहीः

नामः

पदः

मितिः

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -३

(नियम ६ सँग सम्वन्धित)

**ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र नवीकरणको लागि दिइने दरखास्तको ढाँचा**

श्री ............................ कार्यालय,

........................।

मैले/हामीहरूले सञ्चालन गरिरहेको ...................... एजेन्सीलाई गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ६ बमोजिम नवीकरण गर्नको निमित्त निवेदन दस्तुर वापतको रकम यसै साथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं।

कम्पनी/फर्मको छाप

दरखास्तवालाको,-

सहीः

नामः

कम्पनी/फर्मको नामः

सम्पर्क नंः

मितिः

अनुसूची —४
(नियम ९ सँग सम्बन्धित)

## शुल्क सम्बन्धी सूचनाको ढाँचा

श्री ................................ मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा ।

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ९ को प्रयोजनको लागि देहाय बमोजिमको शुल्क सम्बन्धी विवरण पेश गरेको छु ।

| क्र.स. | प्याकेज | अवधि | शुल्क (बिदेशी मुद्रामा) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कम्पनी/फर्मको छाप

एजेन्सीवालाको,-

सहीः

नामः

कम्पनी/फर्मको नामः

सम्पर्क नंः

मितिः

अनुसूची — ५

(नियम १४ सँग सम्बन्धित)

**<u>इजाजतपत्र प्राप्त कम्पनी/फर्म र कामदार बीच भएको करार सम्झौता</u>**

..................... को छोरा/छोरी/श्रीमती ................ जिल्ला ............ गाउँपालिका/नगरपालिका वडा नं. ...... वस्ने वर्ष ..... को श्री ........................ (नागरिकता प्रमाण पत्र नं. .................) लाई ........................... एजेन्सीबाट ........... क्षेत्रमा मिति ............... देखि ............. सम्म ....... दिनको लागि ............ काम गर्न गराउन दुबै पक्ष बीच निम्न लिखित सुविधा लिने दिने कुरामा सहमति भई यो करार सम्झौता गरेका छौं।

<u>इजाजतपत्र प्राप्त कम्पनी/फर्मबाट दिइने सुविधाहरू:</u>

१.

२.

३.

| | |
|---|---|
| कामदारको तर्फबाट | कम्पनी/फर्मको तर्फबाट |
| सही : | सही : |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| सम्पर्क नं: | ठेगाना : |
| | छाप : |

ईति संवत् ...... साल ........ महिना ....... गते रोज ..... शुभम् ।

अनुसूची — ६

(नियम १९ सँग सम्बन्धित)

**<u>वार्षिक प्रतिवेदनको ढाँचा</u>**

श्री ............................................कार्यालय,

.................................।

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम १९ को प्रयोजनको लागि आर्थिक वर्ष .................... को मिति ........ देखि .......... सम्मको विवरण सहितको वार्षिक प्रतिवेदन पेश गरेको छु।

१. प्रदेश भित्र तथा बाहिर पर्यटकको लागि ट्राभल/ट्रेकिङ्गको व्यवस्था गरिएको सम्बन्धी विवरणः

(क) भित्रः

(ख) बाहिरः

२. (क) पर्यटकको संख्या (ट्राभल एजेन्सीको लागि):

| राष्ट्रियता | संख्या | | |
|---|---|---|---|
| | टिकेटिङ्ग | टुर | जम्मा |
| | | | |
| | | | |

(ख) ट्रेकिङ्ग क्षेत्रमा सेवा प्रदान गरेको (ट्रेकिङ्ग एजेन्सीको लागि):

| ट्रेकिङ्ग ग्रुपको नाम | ट्रेकिङ्ग गर्नेको संख्या | साधारण क्षेत्र | निर्देशित क्षेत्र | नियन्त्रित क्षेत्र | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३. आफ्नो व्यवसायको प्रचार प्रसार गरिएको विवरणः

| उत्पादित प्रचार सामग्री | परिमाण | प्रचार वा वितरण गरिएको स्थान | पटक |
|---|---|---|---|
| | | | |
| | | | |

४. पर्यटकको निमित्त बुक गराइएको होटेल र संख्याको विवरणः

| क्र.सं. | होटेलको नाम | पर्यटक संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

५. राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा सम्मेलनमा भाग लिएको विवरणः

| | |
|---|---|
| पर्यटन मेला | |
| सेल्स मिसन | |
| पर्यटन सम्बन्धी गोष्ठी कार्यशाला | |
| अन्य | |

६. पर्यटन व्यवसाय विकासका लागि ल्याइएका व्यक्तिहरूको विवरणः

| आमन्त्रित व्यक्तिको नामस्थान , वा देश | पटक |
|---|---|
| | |
| | |

७. आय व्ययको बार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरणः

८. कर्मचारी सम्बन्धी विवरणः

| नाम | पद | नियुक्ति मिति | तलव |
|---|---|---|---|
| | | | |
| | | | |

९. कुल कारोबारमा मुद्रा स्थितिको विवरणः

| स्वदेशी मुद्रा | भारतीय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|---|
| | | | |

१०. कारोबारबाट प्राप्त विदेशी को मुद्राको विवरणः

| भारतीय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|
| | | |

११. यस अवधिमा बुझाएको,–

(क) आयकरः

(ख) मूल्य अभिवृद्धि करः

(ग) पर्यटक सेवा शुल्कः

१२. (क) भौतिक पूर्वाधारको विवरणः

| विवरण | | किसिम | प्रतिवेदन अवधि अगाडि | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|---|
| सवारी साधन | | | | | |
| टेलिफोन फ्याक्स | | | | | |
| कम्प्युटर | | | | | |
| ट्रेकिङ्ग उपकरण | टेण्ट | | | | |
| | स्लिपिङ्ग व्याग | | | | |
| | अन्य | | | | |

(ख) सुविधाबाट ल्याइएका भौतिक सामानको विवरणः

| विवरण | किसिम | प्रतिवेदन अवधि अगाडि | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|
| सवारी साधन नम्बर) उल्लेख गर्ने( | | | | |
| अन्य | | | | |

१३. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको,-

(क) नामः

(ख) ठेगानाः

इजाजतपत्र प्राप्त
व्यक्तिको,–
सहीः
पूरा नामः
पदः
टेलिफोनः
फ्याक्सः
इमेलः
वेभसाइटः

अनुसूची —७

(नियम २४ सँग सम्बन्धित)

पर्यटकस्तरको होटेल/लज/रेस्टुरा/रिजर्ट/बारको दर्ता वा इजाजतका लागि दिइने दरखास्तको ढाँचा

श्री ......................................कार्यालय,

................................।

मैले/हामीहरूले सञ्चालन गरिरहेको/गर्न गइरहेको .................................. लाई गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम .... बमोजिम पर्यटकस्तरको .......................... होटेल/लज/रेस्टुराँ/ रिजर्ट/बारको दर्ता वा इजाजत दिनुहुन एक सय रुपैयाँको दरखास्त दस्तुर यसैसाथ संलग्न राखि निवेदन गर्दछु/गर्दछौं।

गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ तथा गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं।

संलग्न कागजातहरूः

(१) ...........................

(२) ...........................

(३) ..........................

(४) ..........................

दरखास्तवालाको,-

सहीः

नामः

पूरा ठेगानाः

सम्पर्क नंः

मितिः

अनुसूची — ८

(नियम २४ र २६ सँग सम्बन्धित)

**पर्यटकस्तरको होटेल/लज/रेस्टुराँ/रिजर्ट/बारको इजाजतपत्र**

इजाजतपत्र संख्याः

श्री ..........................................,

..........................।

....................लाई मिति ......................... मा गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ... को उपनियम (....) बमोजिम पर्यटकस्तरको रुपमा सञ्चालन गर्न यो इजाजतपत्र दिइएको छ।

इजाजतपत्र प्राप्त गर्ने प्रोप्राइटरको,-

नामः

ठेगानाः

व्यवसाय सञ्चालन हुने ठेगानाः

होटल/लज/रिजर्टको कायम भएको स्तरः

धनी/संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

सुरु इजाजत दिइएको मिति (अद्यावधिक गराउनेको हकमा):

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-

सहीः

नामः

पदः

मितिः

नवीकरणको विवरण

| इजाजतपत्रको अवधी | | नवीकरण दस्तुर तथा अन्य विवरण | कायम गरिएको स्तर | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|---|
| देखि | सम्म | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची –९
(नियम ३४ सँग सम्बन्धित)

**शुल्क सम्बन्धी सूचनाको ढाँचा**

श्री ................................ मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ३४ को प्रयोजनको लागि देहाय बमोजिमको शुल्क सम्बन्धी विवरण पेश गरेको छु ।

| क.स. | प्याकेज | कोठाको प्रकार | अवधि | शुल्क परिवर्त्य /रू.भा/.रू.ने) (मुद्रा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | न्यूनतम | अधिकतम | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कम्पनी/फर्मको छाप

सञ्चालक/प्रतिनिधिको,-
सहीः
नामः
कम्पनी/फर्मको नामः
सम्पर्क नंः
मितिः

अनुसूची —१०
(नियम ३५ सँग सम्बन्धित)

**पर्यटकस्तरको होटेल/लज/रिजर्टको वार्षिक प्रतिवेदनको ढाँचा**

श्री .............................. कार्यालय,
.......................................।

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ३५ को प्रयोजनको लागि आर्थिक वर्ष .......... को मिति ........ देखि .......... सम्मको यस ....................... होटेल/लज/रिजर्टको वार्षिक प्रतिवेदन पेश गरेको छु।

१. होटेल/लज/रिजर्टमा बसेका पर्यटक र तिनीहरूले बसेको दिनको संख्या सम्बन्धी विवरणः

| पर्यटक | एक दिन देखि तीन | चार दिन देखि सात दिन | आठ दिन देखि बढी | जम्मा |
|---|---|---|---|---|
| आन्तरिक | | | | |
| बाह्य | | | | |
| जम्मा | | | | |

२. नेपालभित्र वा नेपाल बाहिर गराएको प्रचारको विवरणः
३. अन्तरार्ष्ट्रिय सभा सम्मेलन आदिमा भाग लिएको विवरणः
४. विदेशबाट पर्यटन प्रवर्द्धनका निम्त्याइएका व्यक्तिहरूको विवरणः
५. स्वदेशी तथा विदेशी कर्मचारीहरूको विवरण (नाम, दर्जा र पाउने पारिश्रमिक सहित):
६. कारोबार एवम् आर्जन गरेको विदेशी मुद्राको विवरणः
७. व्यवसायसँग सम्बन्धित कामको लागि आवश्यक पैठारी इजाजतपत्रको विवरण (मालसमान र रकम सहित):

कम्पनी/फर्मको छाप

प्रतिवेदन पेश गर्नेको,-
हस्ताक्षरः
नाम,थरः
दर्जाः
सम्पर्क नं.
मितिः

अनुसूची –११

(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

**<u>पथ प्रदर्शकको इजाजतपत्र लिनको लागि दिइने दरखास्तको ढाँचा</u>**

श्री ..............................कार्यालय,

......................................।

मलाई पथ प्रदर्शकको काम गर्ने इच्छा भएकोले गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ३७ बमोजिमको योग्यता र तालिम प्राप्त गरेको हुनाले गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ को दफा १४ बमोजिम इजाजतपत्र पाउनको लागि एक सय रुपैयाँको दरखास्त दस्तुर यसैसाथ संलग्न राखि यो दरखास्त पेश गरेको छु। गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ र गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को अधिनमा रही पथ प्रदर्शकको काम गर्नेछु।

<u>दरखास्तवालाको</u>,-

नामं, थर र वतनः

नेपाली नागरिकता प्रमाण पत्र नं, जारी मिति र जिल्लाः

उमेरः

बाबु र आमाको नाम र थरः

बाजेको नाम र थरः

शैक्षिक योग्यता र तालिमः

प्रयोग गर्ने भाषाः

सम्पर्क नं:

अनुभवः

<u>संलग्न कागजातहरु:</u>

(१) ...................................

(२) ...................................

(३) ...................................

मितिः ............................ दरखास्तवालाको सही

नोटः दरखास्त पेश गर्दा वा इजाजतपत्र लिन आउदा दरखास्तमा संलग्न कागजातहरूको सक्कल प्रमाणपत्र देखाउनु पर्नेछ।

अनुसूची —१२

(नियम ३६ को उपनियम (२) सँग सम्बन्धित)

**पथ प्रदर्शकको इजाजतपत्र**

इजाजतपत्र संख्याः

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ३६ को उपनियम (२) बमोजिम पथ प्रदर्शकको काम गर्न यो इजाजतपत्र दिइएको छ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको,–

(क) नाम, थरः

(ख) ठेगानाः- स्थायीः

अस्थायीः

(ग) नागरिकता प्रमाण पत्र नं.

(घ) सम्पर्क नं.

२. पथ प्रदर्शकले प्रयोग गर्ने भाषाः

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-

सही :

नाम :

पद :

मिति :

नोटः १. इजाजतपत्रको नवीकरण प्रत्येक पाँच वर्षमा गराउनु पर्नेछ।

२. इजाजतप्राप्त पथ प्रदर्शकलाई कार्यालयले पथ प्रदर्शकको परिचय पत्र उपलब्ध गराउनु पर्नेछ।

नवीकरणको विवरण

| इजाजतपत्रको अवधी | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची—१३
(नियम ४० सँग सम्बन्धित)

**पथ प्रदर्शक (टुर/ट्रेकिङ्ग गाइड) को अनुभव सम्बन्धी प्रतिवेदन ढाँचा**

श्री .......................... कार्यालय,
.......................।

मैले टुर/ट्रेकिङ्ग गाइडको रुपमा आर्थिक वर्ष .................. को मिति .................... देखि ....................... सम्म काम गरेको अनुभव सम्बन्धमा देहाय बमोजिम खुलाई पेश गरेको छु।

१. पथ प्रदर्शन गराएको पर्यटकहरूको विवरणः

| क.स. | अवधि | क्षेत्र | पर्यटक संख्या | राष्ट्रियता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२. पथ प्रदर्शनको क्रममा कुनै समस्या परेको भए सोको विवरणः

३. पथ प्रदर्शनको क्रममा पर्यटकहरूबाट कुनै सुझाव प्राप्त भएको भए सोको विवरणः

(क) पूर्वाधारको अवस्थाः

(ख) व्यवस्थापन सम्बन्धी विषयः

(ग) अन्यः

४. आफ्नो कुनै सुझाव भएः

प्रतिवेदन पेश गर्ने,-
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
इजाजत नं.
सम्पर्क नं.
मितिः

अनुसूची – १४
(नियम ४२ सँग सम्बन्धित)

## जलयात्राको इजाजतपत्रका लागि दिइने दरखास्तको ढाँचा

श्री ................................... कार्यालय,
.....................................।

विषयः इजाजतपत्र पाउँ।

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ४२ बमोजिम जलयात्राको व्यवसाय सञ्चालनको लागि इजाजतपत्र पाउन देहायको विवरण खुलाइ यो दरखास्त पेश गरेको छु।

१. जलयात्रा व्यवसायीकोः-

(क) नामः

(ख) ठेगानाः

(ग) शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क.स. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. जलयात्रा व्यवसायमा लगानी गरिने पूँजीको विवरणः-

(क) कम्पनीको अधिकृत पूँजीः

(ख) कम्पनीको जारी पूँजीः

(ग) कम्पनीको चुक्ता पूँजीः

(घ) कम्पनीको स्थिर पूँजीः

(ङ) कम्पनीको चालू पूँजीः

(च) फर्म भए फर्मको जायजेथाः

३. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या र विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः-

| वर्ष | पर्यटकको अनुमानित संख्या | | अनुमानित मुद्रा आर्जन | | | पर्यटक ल्याउने सम्भाव्य शहरदेशहरू/ |
|---|---|---|---|---|---|---|
| | आन्तरिक | बाह्य | ने.रु. | भा.रु. | परिवर्त्य विदेशी मुद्रा | |
| पहिलो | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दोस्रो | | | | | | |
| तेस्रो | | | | | | |

४. प्रस्तावित जनशक्तिको विवरणः-

| रिभर गाइड | प्रशासनिक | लेखा | अन्य | जम्मा |
|---|---|---|---|---|
| जना ........ | जना ....... | जना ........ | जना ....... | जना ....... |

५. जलयात्रा सञ्चालन गर्न आवश्यक हुने साधनहरूको प्रस्तावित विवरणः-

| सामग्री | प्रस्तावित संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

६. विदेशी जलयात्रा व्यवसायी वा अन्य त्यस्तै प्रकृतिका व्यवसायीसँग सम्बद्धता कायम गरिने भएमा त्यसको विवरणः-

७. अन्य आवश्यक कुरा भएः-

८. संलग्न कागजातहरूः-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको,-

सहीः

नामः

पूरा ठेगानाः

सम्पर्क नं

मितिः

अनुसूची —१५
(नियम ४३ को उपनियम (४) सँग सम्बन्धित)

**जलयात्राको इजाजतपत्र**

इजाजतपत्र संख्या :

मिति ........................ मा ....................................लाई गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ४३ बमोजिम जलयात्रा व्यवसाय सञ्चालन गर्न यो इजाजतपत्र दिइएको छ।

इजाजतपत्र प्राप्त व्यक्तिको,–

(क) नामः
(ख) ठेगानाः- स्थायीः
अस्थायीः
(ग) धनी/शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः
(घ) इजाजतपत्रको अवधिः
(ङ) सुरु इजाजतपत्र प्राप्त मिति (अद्यावधिक गराउने व्यवसायको हकमा)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-
सहीः
नामः
पदः
मितिः

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची — १६

(नियम ४९ सँग सम्बन्धित)

रिभर गाइडको इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

श्री ............................ कार्यालय,

.....................................।

मलाई रिभर गाइडको काम गर्ने इच्छा भएकोले गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ५० बमोजिम इजाजतपत्र पाउनको लागि एक सय रुपैयाँको दरखास्त दस्तुर यसैसाथ संलग्न राखि यो दरखास्त पेश गरेको छु।

गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ र गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को अधिनमा रही रिभर गाइडको काम गर्नेछु।

निवेदकको,-

नाम, थर र वतनः

नागरिकता प्रमाणपत्र नं, जारी मिति र जिल्लाः

जन्म मितिः

बाबु र आमाको नाम र थरः

बाजेको नाम र थरः

शैक्षिक योग्यता र तालिमः

अनुभवः

काम गरेको संस्था र ठेगानाः

संलग्न कागजातहरुः

(१) ..................................

(२) ..................................

(३) ..................................

मितिः ............................ दरखास्तवालाको सही

नोटः दरखास्त पेश गर्दा वा इजाजतपत्र लिन आउदा दरखास्तमा संलग्न कागजातहरूको सक्कल प्रमाणपत्र देखाउनु पर्नेछ।

अनुसूची —१७
(नियम ५० सँग सम्बन्धित)

## रिभर गाइडको इजाजतपत्र

इजाजतपत्र संख्याः

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ५० बमोजिम रिभर गाइडको काम गर्न यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको,–

(क) नामः

(ख) ठेगानाः- स्थायीः
अस्थायीः

(ग) नागरिकता प्रमाण पत्र नं.

(घ) सम्पर्क नं.

(ङ) इजाजतपत्र जारी मितिः

२. रिभर गाइडले प्रयोग गर्ने भाषाः

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,–
सही :
नाम :
पद :
मिति :

नोटः १. इजाजतपत्रको नवीकरण प्रत्येक पाँच वर्षमा गराउनु पर्नेछ।

२. इजाजत प्राप्त व्यक्तिलाई कार्यालयले रिभर गाइडको परिचय पत्र उपलब्ध गराउनु पर्नेछ।

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची —१८
(नियम ५६ सँग सम्बन्धित)

**<u>जलयात्रा व्यवसायी र कामदार बीच भएको करार सम्झौता</u>**

............... को छोरा/छोरी/श्रीमती .................. जिल्ला .............. गाउँपालिका/नगरपालिका वडा नं. ...... वस्ने वर्ष ..... को श्री .......................... लाई नेपाल सरकारबाट इजाजत प्राप्त......... नदीको ............ खण्डमा मिति ................. देखि ......... सम्म ............... दिनको लागि देहायको सुविधा दिने गरी जलयात्रा सम्बन्धी काममा लगाउन र सो कार्य गर्न हामी जलयात्रा व्यवसायी तथा कामदारबीच सहमति भई यो करार सम्झौता गरेका छौं।

<u>सुविधाहरू:</u>
१.
२.
३.

कामदारको तर्फबाट
सही :
नाम :
ठेगाना :
नागरिकता प्रमाण पत्र नं.

जलयात्रा व्यवसायीको तर्फबाट
सही :
नाम :
पद :
संस्थाको नामः
ठेगाना :
छाप :

ईति संवत् ...... साल ........ महिना ....... गते रोज ..... शुभम् ।

अनुसूची —१९
(नियम ५९ सँग सम्बन्धित)

**रिभर गाइडको अनुभव सम्बन्धी प्रतिवेदन ढाँचा**

श्री .......................... कार्यालय,
.......................।

मैले रिभर गाइडको रुपमा मिति ..................... देखि ........................ सम्म काम गरेको अनुभव सम्बन्धमा देहाय बमोजिम खुलाई पेश गरेको छु।

१. रिभर गाइड गराएको पर्यटकहरूको विवरणः

| क्र.स. | अवधि | क्षेत्र | पर्यटक संख्या | राष्ट्रियता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२. सम्बन्धित संस्थाको नाम र ठेगानाः

३. रिभर गाइडको क्रममा कुनै समस्या परेको भए सोको विवरणः

४. रिभर गाइडको क्रममा पर्यटकहरूबाट कुनै सुझाव प्राप्त भएको भए सोको विवरणः

(क) पूर्वाधारको अवस्थाः

(ख) व्यवस्थापन सम्बन्धी विषयः

(ग) अन्यः

५. आफ्नो कुनै सुझाव भएः

प्रतिवेदन पेश गर्ने,-
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
इजाजत नं.
सम्पर्क नं.
मितिः

अनुसूची —२०
(नियम ६४ को उपनियम (१) सँग सम्बन्धित)

## होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री ................................... कार्यालय,
.....................................।

म हामीहरूले ..................... गाउँपालिका/नगरपालिका वडा नं. ..... टोल/गाउँ ................. मा सञ्चालन गर्न लागेको ............... होमस्टेलाई गण्डकी प्रदेश पर्यटन नियमावली २०७९ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन एक सय रुपैयाँ दस्तुर र देहाय बमोजिमका कागजात यसैसाथ संलग्न गरी निवेदन गर्दछु/गर्दछौं।

गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ र गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को अधिनमा रही आफ्नो होमस्टे सञ्चालन गर्नेछु/गर्नेछौं।

सञ्चालकको नाम,थर र ठेगाना

१. ...........
२. ...........
३. ...........

संलग्न कागजातहरू:

१. ...........
२. ...........
३. ...........

<u>नोट:</u> सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले दरखास्त दिनु पर्नेछ ।

निवेदकको,-
नामथरः
ठेगानाः
सम्पर्क नं :
मितिः

अनुसूची –२१
(नियम ६४ को उपनियम (२) सँग सम्बन्धित)

## होमस्टे दर्ता प्रमाणपत्रको ढाँचा

प्रमाणपत्र दर्ता संख्याः मितिः ....................

मिति ......................... मा ....................................... लाई गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम .... बमोजिम .................. होमस्टेका रुपमा दर्ता/अद्यावधिक गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

सदस्यको नाम, थर र ठेगानाः

१. ........................
२. ........................
३. ........................

सुरु दर्ता मिति (अद्यावधिक गरिएको होमस्टेको हकमा):

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,–
सही :
नाम :
पद :
मिति :

नोटः १. दर्ता प्रमाणपत्रको नवीकरण प्रत्येक वर्ष गराउनु पर्नेछ ।

नवीकरणको विवरण

| प्रमाणपत्रको अवधी | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची —२२

(नियम ७३ सँग सम्बन्धित)

<u>वार्षिक प्रतिवेदनको ढाँचा</u>

श्री ..................................... कार्यालय,

................................. ।

गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ७३ को प्रयोजनको लागि आर्थिक वर्ष ..... मिति ...... देखि ... सम्मको विवरण सहितको प्रतिवेदन पेश गरेको छु।

१. होमस्टेमा बसेका पर्यटक र तिनीहरूले बसेको दिनको संख्या सम्बन्धी विवरणः

| पर्यटक | एक दिन देखि तीन | चार दिन देखि सात दिन | आठ दिन देखि बढी | जम्मा |
|---|---|---|---|---|
| आन्तरिक | | | | |
| बाह्य | | | | |
| जम्मा | | | | |

२. स्थानीय मौलिकता/सँस्कृति झल्कने क्रियाकलापको विवरणः

३. नेपालभित्र वा नेपाल बाहिर गराएको प्रचारको विवरणः

४. स्थानीय उत्पादनको विवरणः

५. आय व्ययको विवरणः

६. पूर्वाधारको अवस्थाः

७. कारोबार एवम् आर्जन गरेको विदेशी मुद्राको विवरणः

होमस्टेको छाप

प्रतिवेदन पेश गर्नेको,-

हस्ताक्षरः

नाम,थरः

दर्जाः

सम्पर्क नं.

मितिः

आज्ञाले,

बद्रीराज ढुङ्गाना

प्रदेश सरकारको सचिव

मुद्रकःगण्डकी प्रदेश सरकार,आन्तरिक मामिला तथा कानून मन्त्रालय।मूल्य रु.१००।-